भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

१. **अनुगमन भ्रमणको औचित्यः** भागेश्वर गाउँपालिका अन्तरगत १० शैयाको अस्पताल रुपाल भागेश्वर गाउँपालिकाको कार्यालयबाट कार्यान्वयनमा रहेको यस पालिकाको गौरब (प्राथमिकता प्राप्त) आयोजना रहेको छ। यस गाउँपालिका कार्यालयको मिति २०८०/११/०९ को निर्णयानुसार देहाय बमोजिमको अनुगमन टोली गठन भई १० शैयाको अस्पतालको अनुगमन गर्ने निर्णय भएको।

क. प्रमुख प्रशासकीय अधिकृत श्री खगेन्द्र भारती — संयोजक
ख. प्रशासकीय अधिकृत श्री कृष्णानन्द जोशी जिल्ला प्रशासन कार्यालय — सदस्य
ग. अनुगमन अधिकृत श्री प्रेम सिह घोटा योजना शाखा — सदस्य
घ ईन्जिनियर श्री सन्तोष यादव स्वतन्त्र सल्लाहकार विज्ञ — सदस्य
ङ सव ईन्जिनयर श्री मनिषा कुमारी जोशी भण्डारी साईट प्रमुख — सदस्य
च स्वास्थ्य संयोजक श्री मान वहादुर शाहु — सदस्य
छ सि अ हे व अधिकृत श्री मदन सिह भाट

२. **भ्रमणको संक्षिप्त उद्देश्यः** भागेश्वर गाउँपालिका अन्तर्गत संचालित स्थानीय गौरवका आयोजनाहरु मध्ये १० शैयाको अस्पताल रुपाल भागेश्वर गाउंपालिकामा संचालित आयोजनाको स्थलगत अवलोकन भ्रमण गरी गाउंपालिकाको बार्षिक कार्यक्रम तथा कार्य प्रगति समेत समावेश गर्न माइलस्टोनसंग सम्वन्धित क्रियाकलापहरुको कार्यान्वयनसंग प्रत्यक्ष रुपमा सम्बन्धित विषयका जानकार सहित, कार्यालयका प्रमुख, प्रशासकीय अधिकृत, स्वतन्त्र सल्लाहकार विज्ञ, सव इन्जिनियर, योजना प्रमुख र अन्य कर्मचारीहरु समेतको सहभागिता निर्माण कार्यस्थलमै अन्तरक्रिया, प्रश्नोत्तर र अवलोकनको माध्यमवाट आयोजनाको प्रगतिका सम्बन्धमा आवश्यक जानकारी लिने र योजना कार्यान्वयनका क्रममा केही समस्याहरु देखिए सोको समाधानका लागि कार्यपालिकाबाट आवश्यक पहल गर्ने रहेको।

३. **भ्रमण कार्यतालिका तथा विवरणः**

| मिति | कार्यक्रम | कैफियत |
|---|---|---|
| २०८०/११/११ | वगरकोट –रुपाल | |
| २०८०/११/१२ | रुपाल १० शैयाको अस्पताल वयलपाट र विस्तडी नौतडी सडक क्षेत्रको स्थलगत निरिक्षण | |
| २०८०/११/१२ | रुपाल १० शैयाको अस्पतालक्षेत्रको स्थलगत निरिक्षण अनुगमन टोलि, निर्माण व्यवसायी अन्य सरोकारवालाहरुको समेतको सहभागितामा छलफल, अन्तरक्रिया। | |
| २०८०/११/१२ | रुपाल-बगरकोट | |

४. **रुपाल १० शैयाको अस्पतालको स्थलगत अवलोकन र निरीक्षणः**

मिति २०८० फाल्गुन १२ गते निरीक्षण टोली स्थलगत अनुगमनको लागि पुगेको थियो। सो अवसरमा टोली प्रमुख र स्वतन्त्र सल्लाहकार रुपाल १० शैयाको अस्पतालको कार्य प्रगती सम्वन्धमा जिज्ञासा राख्नु भयो। सम्झौता बमोजिमको कार्य सम्पन्न भएको छ छैन कति कार्य भएको जानकारी प्राप्त भयो।

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

त्यस्तै गरी सोही दिन लेकुडा वथिङ्ग सेन्टर र विस्तडी नौतडी सडक निर्माण क्षेत्रको समेत स्थलगत निरीक्षण गरियो।

मिति २०८० फाल्गुन १२ गते रुपाल १० शैयाको अस्पताल निर्माण व्यवसायी श्री देव सिह पावरअप विल्डर्स जे भी धनगढीका प्रोपराइटर सँग अस्पताल निर्माण आयोजनाको स्थलगत निरीक्षण गरी पालिका गौरव आयोजना अन्तर्गत सञ्चालित आयोजनाहरुको समष्टिगत विकास निर्माण एवं सोको प्रगति सम्बन्धमा जिज्ञासा राखु भयो। यस क्षेत्रमा गाउँपालिकाको विभिन्न वार्डबाट विरामीहरुको उपचार पनि हुन सक्ने देखिन्छ तर निर्माण गतिविधिको कार्य खासै हुन सकेको देखिदैन।

आ.ब.२०७७/७८ मा पेसो कन्सल्टेन्टस् प्रा लि काठमाडौले Preparation of Detail project Report DPR Desing of Rupal Swasthya chauki at ward no 2 Bhageshwor Revise BOQ अनुसार गाउँपालिकाले रु.११९९६५१३७।०० मिति २०७८।१२।१४ गते खुला वोलपत्र आह्वान गरी खुला प्रतिस्पर्धाबाट रु ८४१११८९१.५५ भ्याट र पि एस सहित श्री देव सिह पावरअप विल्डर्स जे भी धनगढीको नाममा ठेक्का सदर भई मिति २०७९।३।१ गते सम्झौता अविध २ वर्ष २०८१।३।१ सम्म भएको देखिन्छ । विभिन्न मितिमा श्री देव सिह पावरअप विल्डर्स जे भी धनगढी, कैलालीलाई निर्माण कार्यको लागि यस कार्यालयबाट पत्राचार गरिएको, रुपाल १० शैयाको अस्पतालको भवन निर्माण सम्वन्धित कार्य हाल सालैबाट काम शुरु भएको स्थिति देखिन्छ।

**५. बार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था:**

| शीर्षक | बजेट (रु.) | हालसम्मको खर्च (रु.) | बाँकि बजेट (रु.) | खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १० शैयाको अस्पताल | ८४१११८९१.५५ | १४६६०००० | ६९४५१८९१.५५ | २०% |

**६. नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन प्रगतिको अवस्था:**

| मुख्य क्रियाकलापहरु | मुख्य उपलब्धि | कैफियत |
|---|---|---|
| भागेश्वर गाउँपालिका भित्रका जनताहरुको स्वास्थ्य सेवामा पहुँचमा अभिवृद्धि | सम्झौता भई निर्माण कार्य भइरहेको। | |

**७. आयोजना संचालनमा देखिएका समस्याहरु:** माथि उल्लिखित कार्यहरु समयमै निर्माण व्यवसायीलाई काम सम्पन्न गर्न आवश्यक हुने व्यहोरा अनुगमन टोलीबाट अवगत भयो।

**८. अनुगमन टोलीको मन्तव्य/सुझावहरू:**

- निर्माण व्यवसायीले आयोजनाको निर्धारित समय भित्र कार्य सम्पन्न हुने गरी व्यवस्था मिलाउनु पर्ने।

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

- ड्रइङ, डिजाइन र इष्टिमेट वमोजिम निर्माण गर्ने ।
- प्रयोग गरिने निर्माण सामग्री जस्तै बालुवा, गिट्टी, इटा, सिमेन्ट,छड आदी इष्टिमेट बमोजिम र ल्याव टेष्ट सहितको गुणस्तरीय हुनुपर्ने ।
- प्राविधिकको प्रत्यक्ष निगरानी र निर्देशन वमोजिम निर्माण कार्य गर्नुपर्ने ।
- कार्यालयले खटाइएको प्राविधिकले निर्माण अवधिभर निर्माण कार्यको प्रत्यक्ष निगरानी गर्नुपर्ने ।

निर्माण स्थलहरु अवलोकनको क्रममा खिचिएको तस्वीरहरु



प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल





प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल



[signature] [signature] [signature]

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

# १० शैया अस्पताल, भागेश्वर - २ रुपाल निर्माणको अवस्था


मिति २०८०/११/१२ र १३ गते १० शैया अस्पताल निर्माण कार्य अनुगमन गर्दा निम्न वमोजिमको अवस्था देखा पऱ्यो ।

| क.स | विवरण | कैफियत |
|---|---|---|
| १ | देउवा र तारा ईटाँको ल्याव टेष्ट उपलब्ध गराएको तर फिल्डमा वम र अर्जुन ईटाँहरु पनि देखापरेको । | ल्याव टेष्ट वमोनिमको ईटाँ प्रयोग गर्नु पर्ने । |
| २ | अम्वे स्टीलको ल्याव टेष्ट उपलब्ध गराएको तर फिल्डमा लक्ष्मी स्टील पनि देखापरेको । | ल्याव टेष्ट वमोनिमको स्टील प्रयोग गर्नु पर्ने । |
| ३ | वालुवा र गिट्टीको ल्याव टेष्टमा स्रोत नखुलेको र फिल्डमा उपलब्ध वालुवा र गिट्टी निम्न गुणस्तरको देखिन्छ । | ल्याव टेष्टमा स्रोत खुलाउनु पर्ने र गुणस्तरिय वालुवा र गिट्टी प्रयोय गर्नु पर्ने । |
| ४ | सिमेन्टको ल्याव टेष्टमा ग्रेड नखुलेको । | ग्रेड खुलेको रिर्पोट ल्याउनु पर्ने । |
| ५ | Slab : Drawing वमोजिमको डण्डी/जाली नवनाएको । | Drawing वमोजिमको डण्डी/जाली वनाउनु पर्ने । |
| ६ | Beam : Drawing वमोजिमको आवश्यक development length र stirrups प्रदान नगरेको । | आवश्यक development length प्रदान गर्नु पर्ने । |
| ७ | Column: वाहिरको डण्डी कम diameter र भित्रको वढी diameter भएको प्रयोग गरिएको छ र Lateral tie drawing वमोजिम नरहेको । | उपयुक्त स्थानमा उपयुक्त डण्डी प्रयोग गर्नु पर्ने । Column हरु drawing वमोजिम वनाउनु पर्ने । |
| ८ | Combined footing : Beam हरुको level फरक फरक रहेको । | Beam को level समान रहनु पर्ने । |
| ९ | Sill band र Lintel band उपयुक्त तरिकाले प्रदान नगरेको हुन सक्ने । | जाँचको आवश्यकता । |
| | **फिल्डमा अन्य कुराहरु चेक गर्न बाँकी ।** | |

माथि उल्लेखित विवरणलाई निम्न वमोजिमका चित्रमा देख्न सकिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल




फिल्डमा रहेको ईटाँ

प्रमुख प्रशासकीय अधिकृत


भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डडेल्धुरा, नेपाल




उपयुक्त Aggregate प्रयोग नभएको


प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मार्तडी, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल






Rebar spacing र लम्बाई नमिलेको




जाँचको आवश्यकता ।

...ुख प्रशासकीय अधिकृत



जाँचको आवश्यकता ।



Drawing वमोजिमको डण्डी/जाली नबनाएको ।

मुख प्रशासकीय अधिकृत

# DPR का लागि केही सुझावहरु

१. L section of column provide गर्नु पर्ने ।

२. Secondary beam को सवै grid को section छैन ।

३. Sheet no. AR 06 अनुसार sheet no. AR 17 र AR 18 clear नभएको ।

४. Sheet no ST 33 र 34 grid को नाम उल्लेख नभएको ।

५. Sheet no ST 31 grid name र beam प्रष्ट नभएको ।

६. Sheet no. 20 र 21 मा GRID D or D' प्रष्ट नभएको ।

७. Sheet no. 27 मा footing beam 1-2, 2-3 छैन ।

८. Third floor को beam section clear छैन ।

९. Sheet no. ST 32 , third floor secondary beam clear छैन ।

१०. Sheet no. ST 25 मा grid name र footing beam छैन ।

११. Sheet no. AR 09 को first grid CD drawing अनुसार Sheet no. AR 13 मा ventilation को location प्रष्ट छैन ।

**नोट; थप सुझाव अध्ययन पश्चात प्रदान गरिने छ र हाल काम अघाडि वढाँउन सिनियर स्ट्रकचरल ईन्जिनियर को सहयोग आवश्यक रहेको छ ।**

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुरा सुदुरपश्चिम प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत